# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च.नं. :

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


## स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम तह / स्तर बृद्धि गर्ने सम्बन्धी सूचना।

**सूचना प्रकाशन मिति : २०८२/०९/२२**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहबृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित सर्तहरु पूरा भएका पोखरा महानगरपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यलयको वेवसाइट www.pokharamun.gov.np मा राखिएको तहबृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाइ चार प्रति तयार गरेर प्रमाणित गरी मिति २०८२ साल पौष मसान्त सम्ममा कार्यालयको प्रशासन महाशाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहबृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको सेवामा कार्यरत कर्मचारीको हकमा :**

क) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।

ख) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक / अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमशः सहायकस्तर पाचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पन्चानब्बे औषत अंक प्राप्त गरेको हुनुपर्नेछ।

ग) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

**२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा २७ को उपदफा ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ।

ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरबृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने।

ग) स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचिमा नपरेको हुनुपर्नेछ।

घ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको प्रमाणित सिफारिस पत्र। (साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरु : कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ )

ङ) साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस यस नगरपालिकामा समायोजन भएको पत्र।

च) स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेद्वार हुन अयोग्य नभएको हुनुपर्नेछ।

**३.स्थानिय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण:**

क) आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

ग) तहबृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरबृद्धिको प्रमाणित प्रतिलिपी।

घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पोखरा महानगरपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि।

ङ) अद्यावधिक कर्मचारी विवरण PIS र अयोग्य नभएको प्रमाणित पत्र।

**प्रमुख प्रशासकीय अधिकृत**